# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश
### प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतको शिक्षा सेवा, प्रशासन समूह, निरीक्षण उपसमूह, सहायक पाँचौं तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छः

**प्रथम चरणः-** लिखित परीक्षा (Written Examination) **पूर्णाङ्कः-** २००

**द्वितीय चरणः-** अन्तर्वार्ता (Interview) **पूर्णाङ्कः-** ३०

**परीक्षा योजना (Examination Scheme)**

**प्रथम चरणः- लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्कः-२००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या × अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र अभिक्षमता परीक्षण (General Awareness & General Aptitude Test) | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न (MCQs) | २५ प्रश्न × २ अङ्क | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based- knowledge) | | | | | २५ प्रश्न × २ अङ्क | |
| द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based- knowledge) | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर (Short Answer)<br>लामो उत्तर (Long Answer) | १२ प्रश्न × ५ अङ्क<br>४ प्रश्न × १० अङ्क | २ घण्टा १५ मिनेट |

**द्वितीय चरणः- अन्तर्वार्ता (Interview)**

| पत्र/विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| अन्तर्वार्ता(**Interview**) | ३० | | बोर्ड अन्तर्वार्ता (Board Interview) | - |

**द्रष्टव्यः-**

१. यो पाठ्क्रमको योजनालाई प्रथम चरण र द्वितीय चरण गरी दुई भागमा विभाजन गरिएको छ।

२. लिखित परीक्षाको प्रश्नपत्रको माध्यम भाषा पाठ्यक्रमको विषयवस्तु जुन भाषामा दिइएको छ सोही भाषाको आधारमा नेपाली वा अंग्रेजी मध्ये कुनै एक मात्र भाषा हुनेछ तर विषयवस्तुलाई स्पष्ट गर्नु पर्ने अवस्थामा दुवै भाषा समेत प्रयोग गर्न सकिनेछ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

४. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ तर एकैदिनमा परीक्षा लिइने छ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको विज्ञापन हुदाँका वखत (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

७. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

८. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

९. परीक्षार्थीले मोबाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण परीक्षा हलमा लैजान पाइने छैन।

**१०. पाठ्यक्रम लागू मितिः- २०७९।०५।१०**

**प्रदेश लोक सेवा आयोग**

**लुम्बिनी प्रदेश**

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतको शिक्षा सेवा, प्रशासन समूह, निरीक्षण उपसमूह, सहायक पाँचौं तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**प्रथम पत्र (Paper I):-**

**सामान्य ज्ञान र सामान्य अभिक्षमता परीक्षण तथा सेवा सम्बन्धी कार्य-ज्ञान**

**भाग १ (Part I):-**

**सामान्य ज्ञान र सामान्य अभिक्षमता परीक्षण**

**(General Awareness and General Aptitude Test)**

**खण्ड (क) (Section-A): (१५ प्रश्न ×२ अङ्क= ३० अङ्क)**

१. **सामान्य ज्ञान (General Awareness) (१६ अङ्क)**

१.१. नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत साधनहरु

१.२. नेपालको ऐतिहासिक, सांस्कृतिक र सामाजिक अवस्था सम्बन्धी जानकारी

१.३. नेपालको आर्थिक अवस्था र चालु आवधिक योजना तथा लुम्बिनी प्रदेशको योजना सम्बन्धी जानकारी

१.४. जैविक विविधता, दिगो विकास, वातावरण प्रदूषण, जलवायु परिवर्तन र जनसंख्या व्यवस्थापन

१.५. मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञान र प्रविधिका महत्वपूर्ण उपलव्धीहरु

१.६. जनस्वास्थ्य, खाद्य र पोषण सम्बन्धी सामान्य जानकारी

१.७. नेपालको संविधान (भाग १ देखि ५ सम्म र अनुसूचीहरु)

१.८. संयुक्त राष्ट्रसंघ र यसका विशिष्टीकृत संस्था सम्बन्धी जानकारी

१.९. क्षेत्रीय संगठन (सार्क, बिमष्टेक, आसियान र युरोपियन संघ) सम्बन्धी जानकारी

१.१०. राष्ट्रिय र अन्तराष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु

१.११. लुम्बिनी प्रदेशका ऐतिहासिक गढी तथा किल्लाहरु

१.१२. लुम्बिनी प्रदेशका ऐतिहासिक तथा पुरातात्विक महत्त्वका स्थलहरु

२. **सार्वजनिक व्यवस्थापन (Public Management) (१४ अङ्क)**

२.१. कार्यालय व्यवस्थापन (Office Management)

२.१.१. कार्यालय (Office): परिचय, महत्व, कार्य र प्रकार

२.१.२. सहायक स्तरका कर्मचारीका कार्य र गुणहरु

२.१.३. कार्यालय स्रोत साधन (Office Resources): परिचय र प्रकार

२.१.४. कार्यालयमा सञ्चारको महत्व, किसिम र साधन

२.१.५. कार्यालय कार्यविधि(Office Procedure) पत्र व्यवहार (Correspondence), दर्ता र चलानी (Registration & Dispatch), परिपत्र (Circular), तोक आदेश (Order), टिप्पणी लेखन र टिप्पणी तयार गर्दा ध्यान दिनुपर्ने कुराहरु

२.१.६. अभिलेख व्यवस्थापन (Record Management)

२.१.७. सुचना प्रविधि र यसको प्रयोग

२.२. निजामती सेवा ऐन र नियमावलीमा भएका देहायका व्यवस्थाहरु

२.२.१. निजामती सेवा तथा प्रदेश निजामती सेवाको गठन, संगठन संरचना, पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरु

२.२.२. कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, बिदा, विभागीय सजाय र अवकाश सम्बन्धी व्यवस्था

२.२.३. कर्मचारीले पालन गर्नुपर्ने आचरण र कर्तव्यहरु

२.३. सरकारी बजेट, लेखा र लेखापरीक्षण प्रणाली सम्बन्धी सामान्य जानकारी

प्रदेश लोक सेवा आयोग, लुम्बिनी

## प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतको शिक्षा सेवा, प्रशासन समूह, निरीक्षण उपसमूह, सहायक पाँचौं तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

२.४. सार्वजनिक सेवा प्रवाहको अर्थ, सेवा प्रवाह गर्ने निकाय, तरिका र माध्यमहरु

२.५. सार्वजनिक बडापत्र (Public Charter) महत्व र आवश्यकता

२.६. व्यवस्थापनको अवधारणा तथा सार्वजनिक व्यवस्थापनमा निर्देशन, नियन्त्रण, समन्वय, निर्णय प्रक्रिया, उत्प्रेरणा र नेतृत्व सम्बन्धी जानकारी

२.७. मानवीय मूल्य मान्यता (Human Values), नागरिक कर्तव्य, दायित्व तथा अनुशासन

**खण्ड(ख) (Section-B): (१० प्रश्न × २ = २० अङ्क )**

**३. सामान्य अभिक्षमता परीक्षण (General Aptitude Test)**

३.१. **शाब्दिक अभिक्षमता परीक्षण (Verbal Aptitude Test):** यस परीक्षणमा शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ-डिकोडिङ, दिशा र दुरी ज्ञान परीक्षण (Direction and distance Test), तर्क विचार सम्बन्धी (Logical Reasoning), पंक्तिक्रम (Ranking Order)आदि विषयवस्तुबाट प्रशनहरु समावेश गरिनेछ ।

३.२. **संख्यात्मक अभिक्षमता परीक्षण (Numerical Aptitude Test):** यस परीक्षणमा अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ, मेट्रिक्स, अंकगणितीय तर्क/क्रिया सम्बन्धी, प्रतिशत, भिन्न अनुपात, औसत, समय र काम आदि विषयहरुबाट प्रश्नहरु समावेश गरिनेछ ।

३.३. **अशाव्दिक अभिक्षमता परीक्षण (Non-Verbal/ Abstract Aptitude Test):** यस परीक्षणमा अनुक्रम, समरुपता, वर्गीकरण, भेन चित्र, मेट्रिक्स, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण आदि विषयहरुबाट प्रश्नहरु समावेश गरिनेछ ।

३.४. **रुजु गर्ने(Verification Test) र फाइलिङ अभिरुचि परीक्षण (Filing Aptitude Test):** रुजु गर्ने (Verification Test) परीक्षणमा तथ्यांक, संख्या वा शाव्दिक सूचनालाई जाँच गर्ने वा त्रुटी पत्ता लगाउने अथवा समानता वा भिन्नता पत्ता लगाउने किसिमका प्रश्नहरु समावेश हुनेछन । फाइलिङ अभिरुचि परीक्षण (Filing Aptitude Test) मा शाब्दिक र संख्यात्मक वस्तु वा प्रक्रियालाई वर्णमालाक्रम, संख्यात्मकक्रम वा कालक्रम अनुसार समाधान गर्ने किसिमका प्रश्नहरु समावेश हुनेछन ।

३.५. **निर्देशन अनुसरण गर्ने (Follows the Instructions) र विश्लेषणात्मक तार्किकता परीक्षण (Analytical Reasoning Test):** निर्देशन अनुसरण गर्ने (follows the instructions) परीक्षणमा दिइएको लिखित निर्देशनलाई हुबहु अनुसरण गरी समाधान गर्ने किसिमका प्रश्नहरु समावेश हुनेछन् । विश्लेषणात्मक तार्किकता परीक्षण (Analytical Reasoning Test) मा शाब्दिक वा संख्यात्मक वा अशाब्दिक (चित्रात्मक) किसिमका विश्लेषणात्मक तार्किकता सम्बन्धी प्रश्नहरु समावेश हुनेछन।

**भाग २ (Part II):-**

**सेवा सम्बन्धी कार्य ज्ञान (Job Based- Knowledge)**

**(२५ प्रश्न × २ अङ्क = ५० अङ्क)**

**१. नेपालको शैक्षिक इतिहास र शिक्षा प्रणाली**

१.१. नेपालको शैक्षिक इतिहास, महत्वपूर्ण शैक्षिक घटना तथा समसामयिक विषयवस्तुहरु

१.२. विभिन्न शिक्षा आयोग तथा शिक्षा समितिहरुका प्रतिवेदनहरु (गठन, उद्देश्य, विद्यालय शिक्षा, पाठ्यक्रम, शिक्षक, विद्यालय निरीक्षण र विद्यार्थी मूल्याङ्कन)

१.३. राष्ट्रिय शिक्षा नीति, शिक्षाको राष्ट्रिय उद्देश्य तथा तहगत सक्षमता (Competencies)

प्रदेश लोक सेवा आयोग, लुम्बिनी

१.४. संघ, प्रदेश र स्थानीय तहको शैक्षिक सङ्गठन, संरचना, शैक्षिक प्रशासन र अन्तरसम्बन्ध

२. **शिक्षा, शिक्षण र मूल्याङ्कन**

२.१. शिक्षाको परिचय, प्रकार, उद्देश्य र कार्यहरु

२.२. सिकाइ प्रक्रिया, सिकाइका सिद्धान्तहरु र सिकाइमा प्रभाव पार्ने तत्वहरु

२.३. पाठ्यक्रमको अवधारणा र वर्तमान विद्यालय तहको पाठ्यक्रम सम्बन्धी जानकारी

२.४. नेपालमा पाठ्यक्रम विकास प्रक्रिया र विद्यालय तहमा स्थानीय पाठ्यक्रम

२.५. शैक्षणिक योजना, शिक्षण विधि र शैक्षिक सामग्रीहरु

२.६. शिक्षण पद्धतिको अर्थ र तत्वहरु

२.७. शैक्षणिक उद्देश्य - ब्लूमको वर्गीकरण (Bloom's Taxonomy) तथा शैक्षणिक संगठन (Instructional Organization)

२.८. मूल्याङ्कनको अवधारणा, प्रकार र मूल्याङ्कनका साधनहरु

२.९. वर्तमान विद्यालय तहको मूल्याङ्कन प्रणाली, अक्षराङ्कन मूल्याङ्कन पद्धति र निरन्तर मूल्याङ्कन पद्धति

३. **शिक्षामा नवीनतम सोँच तथा प्रवृत्ति, अन्तर्राष्ट्रिय प्रयास र समसामयिक मुद्दाहरु**

३.१. शिक्षामा नवीनतम सोँच र प्रवृत्तिहरु

३.१.१. मानव अधिकार र बाल अधिकारको रुपमा शिक्षा

३.१.२. शिक्षामा समतामूलक पहुँच र समान अवसर

३.१.३. सामाजिक न्याय र राष्ट्रिय एकताका लागि शिक्षा

३.१.४. वैकल्पिक तथा भर्चुअल (Virtual) सिकाइ विधि

३.२. अन्तर्राष्ट्रिय प्रयासहरुः सबैका लागि शिक्षा, दिगो विकास लक्ष्य

३.३. शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा प्रतिबद्धताहरु

३.४. शिक्षाका समसामयिक मुद्दाहरुः लोकतन्त्र र शिक्षा, नागरिक शिक्षा, विपत व्यवस्थापन र शिक्षा, बहुभाषिक तथा मातृभाषामा शिक्षा

४. **शिक्षा सम्बन्धी योजना र शिक्षाका राष्ट्रिय कार्यक्रम**

४.१. शैक्षिक योजना निर्माण प्रक्रिया, कार्यान्वयन तथा मूल्याङ्कन

४.२. विद्यालय सुधार योजना, गाउँ/नगर शिक्षा योजना

४.३. शिक्षाका राष्ट्रिय कार्यक्रम

४.३.१. आधारभूत तथा माध्यमिक शिक्षा

४.३.२. अनौपचारिक शिक्षा, खुला तथा दुर शिक्षा

४.३.३. व्यावसायिक तथा प्राविधिक शिक्षा

४.३.४. उच्च शिक्षा

५. **शिक्षा सम्बन्धी कानूनहरु**

५.१. शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९

५.२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७

५.३. शिक्षक सेवा आयोग नियमावली, २०५७

५.४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी व्यवस्था)

# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतको शिक्षा सेवा, प्रशासन समूह, निरीक्षण उपसमूह, सहायक पाँचौं तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

प्रथम पत्रको लागि यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिने छ ।

| प्रथम पत्र (वस्तुगत) | | | | | |
|---|---|---|---|---|---|
| **भाग** | **खण्ड** | **विषयवस्तु** | **परीक्षा प्रणाली** | **अङ्कभार** | **प्रश्न संख्या अङ्क** |
| **I** | **(A)** | सामान्य ज्ञान (General Awareness) | बहुवैकल्पिक पश्न (**MCQs**) | ३० | १५ प्रश्न × २ अङ्क = ३० |
| | **(B)** | सामान्य अभिक्षमता परीक्षण (General Aptitude Test) | | २० | १० प्रश्न × २ अङ्क = २० |
| **II** | - | सेवा सम्बन्धी कार्य-ज्ञान (Job Based-knowledge) | | ५० | २५ प्रश्न × २ अङ्क = ५० |

प्रथम पत्रको **भाग (Part II)** सेवा सम्बन्धित कार्य-ज्ञान (Job based-knowledge) को पाठ्यक्रमका एकाइबाट परीक्षामा यथासम्भव देहाय बमोजिम प्रश्नहरु सोधिने छ ।

| **पाठ्यक्रमका एकाइ** | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| **प्रश्न संख्या** | ५ | ५ | ५ | ५ | ५ |

प्रदेश लोक सेवा आयोग, लुम्बिनी

## प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतको शिक्षा सेवा, प्रशासन समूह, निरीक्षण उपसमूह, सहायक पाँचौं तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**द्वितीय पत्र (Paper II):-**

**सेवा सम्बन्धी कार्य-ज्ञान (Job based-knowledge)**

**खण्ड(क) (Section) (A) :- ५० अङ्क**

**१. शिक्षाको परिचय**

१.१. शिक्षाको अर्थ, परिभाषा, उद्देश्य तथा तहगत सक्षमता (Competencies)

१.२. शिक्षाका विभिन्न स्वरूपहरू (औपचारिक, अनौपचारिक र अरीतिक शिक्षा)

१.३. शिक्षाका कार्यहरुः व्यक्तिगत, सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, आर्थिक, राजनैतिक तथा साँस्कृतिक

१.४. शिक्षामा विविधताः परिचय र व्यवस्थापन गर्ने तरिका, शिक्षामा सामाजिक न्याय, समावेशी शिक्षाको अवधारणा र रणनीतिहरु, शिक्षामा समता र समानता, समतामूलक शिक्षाका रणनीतिहरू

१.५. आवश्यकतामा आधारित शिक्षा र अधिकारमा आधारित शिक्षाको परिचय तथा विशेषता, आवश्यकतामा आधारित र अधिकारमा आधारित शिक्षाको तुलना

**२. मानव वृद्धि तथा विकास**

२.१. मानव वृद्धि र विकासको अवधारणा, यिनीहरु बिचको अन्तरसम्बन्ध र फरक

२.२. वृद्धि र विकासका प्रक्रियाः परिपक्वता र सिकाइ तथा यिनीहरु बीचको अन्तरसम्बन्ध र फरक

२.३. मानव विकासको स्वरुपका निर्धारकः बंशाणुक्रम वातावरण तथा यिनीहरु बीचको अन्तरसम्बन्ध

२.४. मानव विकासका विशेषताहरु

२.५. मानव विकासको अध्ययनको महत्व

**३. पूर्ववाल्यावस्था तथा उत्तरवाल्यावस्थाको विकास**

३.१. पूर्व तथा उत्तरवाल्यावस्थाको परिचय तथा विशेषता

३.२. पूर्व तथा उत्तरवाल्यावस्थाका विकासात्मक कार्यहरु

३.३. पूर्व तथा उत्तरवाल्यावस्थाका विभिन्न पक्षको विकास र यसको शैक्षिक उपादेयता

३.३.१. शारीरिक र क्रियात्मक विकास

३.३.२. भाषिक विकास

३.३.३. बौद्धिक विकास

३.३.४. सामाजिक विकास

३.३.५. संवेगात्मक विकास

३.३.६. व्यक्तित्व विकास

३.३.७. प्रसन्नता

३.४. पूर्व तथा उत्तर वाल्यावस्थाका संकटहरु

३.५. पूर्व तथा उत्तर वाल्यावस्थाको सुरक्षित विकासमा अभिभावक तथा शिक्षकको भूमिका

**४. सिकाइको अवधारणा**

४.१. सिकाइको अर्थ र परिभाषा

४.२. सिकाइका तत्वहरु, सिकाइका शैलीहरु

४.३. सिकाइका विशेषताहरु, सिकाइका अपवादहरु

४.४. सिकाइका सिद्धान्तहरु र तिनीहरुको शैक्षिक उपादेयता

प्रदेश लोक सेवा आयोग, लुम्बिनी

४.४.१. शास्त्रीय सम्बन्धनको सिद्धान्त (Classical Conditional Theory)
४.४.२. क्रियापरक सम्बन्धन सिद्धान्त (Operant Conditioning Theory)
४.४.३. प्रयत्न र भूलको सिद्धान्त (Trial and Error Theory)
४.४.४. अन्तर्दृष्टिद्वारा सिकाइ सिद्धान्त (Insightful Learning Theory)
४.४.५. तहगत सिकाइ सिद्धान्तः रबर्ट एम. ग्याग्ने (Hierarchical Learning Theory: Robert M. Gagne)

**५. सिकाइमा प्रभाव पार्ने तत्वहरु**

५.१. प्रेरणाः अवधारणा, प्रकारहरु, मास्लोका तहगत आवश्यकताहरु, कक्षाकोठामा प्रयोग गरिने प्रेरकहरु
५.२. पूनर्बलः अवधारणा, प्रकारहरु, सिकाइमा पूनर्बलको प्रयोग
५.३. स्मृतिः अवधारणा, प्रकार तथा तत्वहरु,स्मृतिको मापन, स्मृति अभिवृद्धि गर्ने उपायहरु
५.४. अभ्यासः अवधारणा, प्रकार, सिकाइमा उपयोगका तरिकाहरु, कक्षाकार्य र गृहकार्यमा अभ्यासको समूचित प्रयोग
५.५. सिकाइको स्थानान्तरणः अवधारणा, प्रकार, शिक्षण तथा सिकाइमा स्थानान्तरणको उपयोग
५.६. पुरस्कार र दण्डः अवधारणा, शिक्षण र सिकाइमा पुरस्कार र दण्डको तुलनात्मक भूमिका

**खण्ड(ख) (Section) (B):- ५० अङ्क**

**६. शैक्षिक र शैक्षणिक योजना**

६.१. शैक्षिक योजनाको अर्थ
६.२. शैक्षिक योजना निर्माणका उपागमहरू
६.२.१. सामाजिक माग उपागम
६.२.२. सामाजिक न्याय उपागम
६.२.३. जनशक्ति योजना उपागम
६.२.४. प्रतिफल दर उपागम
६.३. शैक्षणिक योजनाका प्रकारहरु
६.३.१. कार्यपात्रो
६.३.२. कार्ययोजना
६.३.३. एकाई योजना
६.३.४. पाठ योजना
६.३.५. समय तालिका

**७. शैक्षणिक सामग्री तथा शिक्षण विधिहरु**

७.१. शैक्षणिक सामग्रीः अर्थ, महत्व र वर्गीकरण
७.२. कम मूल्य र मूल्य नपर्ने सामग्रीहरु
७.३. स्थानीय स्तरमा उपलब्ध सामग्रीहरु
७.४. शिक्षण विधिका प्रकारहरु
७.४.१. शिक्षक केन्द्रित
७.४.२. विद्यार्थी केन्द्रित

प्रदेश लोक सेवा आयोग, लुम्बिनी

७.४.३. अन्तरक्रियात्मक शिक्षण बिधि

७.५. शिक्षण विधि छनौटका आधारहरु

७.६. शिक्षण सिकाइमा सूचना प्रविधिको उपयोग

**८. मूल्याङ्कनको परिचय**

८.१. मूल्याङ्कनको अवधारणा, आवश्यकता र महत्व

८.२. मूल्याङ्कनका प्रकार तथा उद्देश्यः निर्माणात्मक, निर्णयात्मक र निदानात्मक

८.३. मूल्याङ्कनका साधनहरुः लिखित, मौखिक, प्रयोगात्मक र अवलोकन

८.४. विभिन्न प्रकारका वस्तुगत र विषयगत प्रश्न बनाउँदा ध्यान दिनु पर्ने कुराहरु

८.५. परीक्षणको अर्थ र निर्माणका चरणहरु

८.६. निरन्तर मूल्याङ्कन प्रणाली र विद्यालय शिक्षामा यसको प्रयोग

**९. शैक्षिक व्यवस्थापन तथा सुशासन**

९.१. शैक्षिक व्यवस्थापनको अवधारणा र कार्यहरु

९.२. कक्षाकोठा व्यवस्थापनको अवधारणा, समस्या र समाधानका उपायहरु

९.३. शैक्षणिक व्यवस्थापनः कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षण

९.४. कक्षाकोठामा विविधता व्यवस्थापनः भाषिक, सामाजिक, सिकाइ क्षमता र अपाङगता

९.५. विद्यालय सुशासनः विद्युतीय विद्यालय शासन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई

**१०. शैक्षिक अनुसन्धान र शिक्षकको पेशागत विकास**

१०.१. शैक्षिक अनुसन्धानको परिचय, उद्देश्य र प्रयोग

१०.२. कार्यमूलक अनुसन्धानको अवधारणा, क्षेत्र, प्रक्रिया, प्रतिवेदन र उपयोग

१०.३. कार्यमूलक अनुसन्धान र आधारभुत अनुसन्धान

१०.४. शिक्षकको पेशागत विकासमा कार्यमूलक अनुसन्धानको महत्व

१०.५. शिक्षकको पेशागत विकासका समस्या र यसमा समाधानका उपायहरु

१०.६. शिक्षकका सक्षमताहरु

**द्वितीय पत्रको लागि यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।**

| द्वितीय पत्र (विषयगत) | | | | | |
|---|---|---|---|---|---|
| **पत्र** | **विषय** | **खण्ड** | **अङ्कभार** | **छोटो उत्तर** | **लामो उत्तर** |
| **द्वितीय** | सेवा सम्बन्धी कार्य-ज्ञान (Job Based-knowledge) | **(A)** | ५० | ६ प्रश्न × ५ अङ्क = ३० | २ प्रश्न × १० अङ्क = २० |
| | | **(B)** | ५० | ६ प्रश्न × ५ अङ्क = ३० | २ प्रश्न × १० अङ्क = २० |

***********